फोन न. ०८७-५२०१५७
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

# उच्च अदालत सुर्खेत,
## जुम्ला इजलास
(प्रशासन शाखा)

मिति २०७७।०६।१९

प.सं. २०७७/७८
च.नं.

# सूचना। सूचना। सूचना।

यस अदालतको मिति २०७७।६।१६ मा प्रकाशित सूचनानुसार बन्दीप्रत्यक्षीकरण र कोभिड-१९ का रिट निवेदन बाहेकका अन्य सेवाहरु अर्को आदेश र व्यवस्था नभएसम्मका लागि स्थगन गरिएकोमा जिल्ला प्रशासन कार्यालय, जुम्लाले मिति २०७७।६।१८ देखि निषेधाज्ञा खुलाउने भनि सूचना प्रकाशित गरेकोले यस अदालतबाट समेत पूर्ववत रुपमा प्रवाह भएका सेवाहरु मिति २०७७।६।१९ देखि पुनः सुचारु गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

०७७/६/१९

केशवप्रसाद पौड्याल
नि.रजिष्ट्रार

नि. रजिष्ट्रार

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## जुम्ला

फोन नं :०८७-५२००१२
फोन नं :-०८७-५२०११२
फ्याक्स:-०८७-५२०१८०

मिति : २०७७/०६/१७

### अत्यन्त जरुरी सूचना !

हाल नेपालमा COVID-19 को बढ्दो संक्रमण तथा त्यसबाट हुने मृत्युदरको अवस्थालाई दृष्टिगत गरी रोकथाम र नियन्त्रणका लागि जुम्ला जिल्लामा पनि संक्रमण समुदायस्तरसम्म फैलिन नदिन, जनस्वास्थ्य र सुरक्षा मापदण्ड परिपालना गर्न आम समुदायलाई सार्वजनिक रूपमा अनुरोध गरिएको छ । यस महामारीको संकटमा हाम्रो अनुरोध परिपालना गरी जिम्मेवार नागरिकको भूमिका र दायित्व निर्वाह गर्न सबैमा धन्यवाद व्यक्त गर्दछौ । कोरोना विरुद्ध लडाईमा सामना गर्न एक्लो प्रयास मात्र असम्भव प्राय देखिएको हुँदा जिल्ला स्थित राजनैतिक दल, नागरिक समाज र आम जनसमुदायले नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड परिपालना गर्नु अपरिहार्य आवश्यकता बनेको छ ।

जुम्ला जिल्लामा पनि समुदायस्तरमा कोरोना भाईरसको संक्रमण देखिएपछि मिति २०७७/०६/१५ गते दिउसो ३ बजे देखि चन्दननाथ नगरपालिका क्षेत्र भित्र निषेधाज्ञा जारी गरिएकोमा मिति २०७७/०६/१८ गते बिहान ६ बजे देखि खुला गर्ने र संभावित संक्रमणको जोखिमलाई दृष्टिगत गरी संक्रमणको जोखिम न्यूनीकरण, रोकथाम तथा नियन्त्रण गर्नको लागि जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गर्ने गरी तपसिल बमोजिमका शर्तहरूमा तोकिएका सेवा तथा व्यवसायहरू संचालन गर्ने तथा अन्य निषेधित कार्य नगर्न नगराउन हुन सूचित गरिन्छ ।

तपसिल:-

१. अनिवार्य रूपमा २ मीटरको सामाजिक तथा भौतिक दुरी कायम गर्ने ।
२. सार्वजनिक स्थानमा हिंडडुल गर्दा अनिवार्य रूपमा मास्क लगाउनु पर्ने ।
३. प्रत्येक पसलले अनिवार्य रूपमा साबुनपानी/स्यानीटाईजरको व्यवस्था गर्ने ।
४. प्रत्येक पसलले २ मिटर दुरीमा गोलो घेराको व्यवस्था गर्ने ।
५. प्रत्येक पसलले पसल र ग्राहकलाई छुट्याउने गरी डोरीको व्यवस्था गर्ने ।
६. सार्वजनिक स्थलमा गर्दा समूह बनाई हिंडडुल गर्न नपाईने ।
७. जिम, पुल हाउस, सैलुन तथा ब्यूटीपार्लर समेत अर्को सूचना नभएसम्म पूर्ण रूपमा बन्द गर्ने ।

माथिको शर्तहरूको अवज्ञा गर्ने जोसुकैलाई संक्रमण रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ लगायतका प्रचलित कानून बमोजिम दण्ड सजाय हुने सबैमा जानकारीको लागि अनुरोध छ ।

भूपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी